# भविष्यवाणी बुझ्न केही सिद्धान्त वा नीतिहरू



## शबाथ दिउँसो

**यस अध्यायको अध्ययनको लागि निम्न पदहरू पढ्नुहोस्:** *यर्मिया २९:२३, २४; भजन १३९:१-६; दानिएल १२:४; प्रकाश २२:१०; २ तिमोथी ३:१५-१७; हिब्रू ४:१२।*

**याद गर्नुपर्ने पद: "परमप्रभु यसो भन्नुहुन्छः 'बुद्धिमान् मानिसले आफ्नो बुद्धिमा घमण्ड नगरोस्, अथवा बलियो मानिसले आफ्नो बलमा घमण्ड नगरोस्, अथवा धनी मानिसले आफ्नो धनमा घमण्ड नगरोस्, तर जसले घमण्ड गर्छ त्यसले यस विषयमा घमण्ड गरोस्: "म परमप्रभुलाई जान्दछु र चिन्दछु, र उहाँ त्यही परमप्रभु हुनुहुन्छ, जसले पृथ्वीमा दया, न्याय र धार्मिकताको व्यवहार गर्नुहुन्छ।" किनभने यिनैमा म प्रसन्न हुन्छु,' परमप्रभु भन्नुहुन्छ"** *(यर्मिया ९:२३-२४)*।

कतिपय इसाईहरूले नै बाइबलका प्रायः जसो अंशहरूसँग सहमत नभएको पाइन्छ। त्यसमा कतिपय इसाईहरू भविष्यवाणीको विषयमा एक आपसमा सहमत नभएकोले त्यो पढ्नु समयलाई बरबाद गर्नु हो भनेर सिकाउँछन्। भविष्यवाणीका प्रत्येक बुँदामा इसाईहरूमा नै द्वन्द्व छ भने त्यसको अध्ययन गर्नुको अर्थ के छ र? येशूलाई नै विश्वास गर्ने कतिपय इसाईहरूचाहिँ बाइबलका कतिपय पुस्तकहरूका अर्थ कसैले बुझ्न सक्दैन भन्ने सोचमा छन्। जस्तै प्रकाशको पुस्तक कतिपयको निम्ति अनावश्यक भएको विश्वास गर्दछन्। ती पुस्तकहरू अध्ययन

गर्नुको सट्टा तिनीहरूले ती पुस्तकहरूलाई पन्छाउँछन्। कतिपय बाइबलका पास्टर, विद्वान र धर्मगुरुहरूले भविष्यवाणीको अध्ययन गर्दा समस्याहरूको समाधानको सट्टा झन् जटिल समस्या पैदा हुन्छ भनेर भविष्यवाणीहरू पढ्न झ्याउ मान्छन्।

यो स्थिति त सधैँ थिएन। इसाई इतिहासका प्रथम आठ शताब्दीहरूमा प्रायः जसो इसाईहरू बाइबलको भविष्यवाणी अध्ययन गर्न राजी भएका थिए। ती भविष्यवाणीहरूले औँल्याएका मुख्य सन्देशहरूप्रति प्रायः जसो सबै इसाईहरू सहमत थिए। परमेश्वरको चाहना पनि यही थियो: "भाइ हो, हाम्रा प्रभु येशू ख्रीष्टको नाउँमा म तिमीहरूलाई आग्रह गर्दछु, कि तिमीहरू सबै एक-अर्कासँग सहमत होओ, र तिमीहरूको माझमा केही फूट नहोस्। तर तिमीहरू परिपक्व भएर एकै मन र एकै विचारका होओ" *(१ कोरन्थी १:१०)*।

भविष्यवाणी बुझ्न केही नियमबद्ध र भरपर्दो सिद्धान्त वा नीतिहरूलाई यस अध्यायमा नियाल्नेछौं।

# जसले पढ्छ, उसले बुझोस्

इसाई पुस्तकहरू बेच्ने पसलमा तपाईं जानुहोस्। त्यहाँ बाइबलको भविष्यवाणी व्याख्या गर्ने किताबका शीर्षकहरू हेर्नुहोस्। ती शीर्षकहरूमा दिमागै अलमल पार्ने दृष्टिकोणहरू भएको तपाईं पाउनुहुन्छ। जसरी प्रकाशको पुस्तकको व्याख्या गर्ने विभिन्न शीर्षकहरू तपाईंले हेर्नुभयो भने तपाईंले यो निष्कर्ष निकाल्न सक्नुहुनेछ कि त्यो पुस्तकको सही अर्थ कसैलाई पनि थाहा छैन। उदाहरणमा ख्रीष्ट विरोधीको विषयका धारणाहरूलाई हामी हेरौं। कतिले भन्छन् यो केवल काल्पनिक अवधारणा मात्र हो; कतिले भन्छन् यो भविष्यमा अझै आउनुपर्ने व्यक्ति हो; अर्कोले भन्छ यसले मूर्तिपूजक रोमको साम्राज्यका दिनहरूमा कसैलाई वा कुनै थोकलाई औँल्याएको हो। एक जना वयोवृद्ध प्रचारकले यो व्यक्त गरेका थिए, "शायद बाइबल पुरानो तार बाजा वा भ्वायोलिनजस्तो हो। जसले जे मन लाग्यो, त्यही धुन उसले बजाउन सक्छ।"

तर बाइबल आफैले त्यस खालको धारणासँग सहमत भएको पाइँदैन। बरु, बाइबल पढ्न हामीलाई आह्वान गरिएको छ, परमेश्वरले बेकारमा बोलिरहनुभएको छैन भनेर हामीले महसुस गर्नुपर्छ, र उहाँको वचनमा जे सत्य बोलिरहेको छ, त्यसलाई बुझ्न हामी सक्षम छौं।

पढ्नुहोस्: **परमेश्वरले मानिसहरूलाई दिने वचनलाई उहाँले गुपचुप राख्न चाहनुहुन्न, बरु तिनीहरूले उहाँलाई बुझुन् भन्ने उहाँको चाहना छ भनेर देहायका पदहरूमा कसरी खुलासा गरिएको छ? मत्ती २४:१५; प्रकाश १:३; मत्ती ११:२८-३० र यर्मिया ९:२३-२४ पढ्नुहोस्।**

धेरै विश्वविद्यालयहरूमा बाइबल एक साहित्य पुस्तक हो भनेर सिकाउँदछ। यो त पौराणिक कथाको पुस्तक हो। अध्यापकले बाइबलको बारेमा व्याख्या गरेका कक्षामा येशूलाई विश्वास गर्ने विद्यार्थी घन्टौँसम्म सामेल त हुन्छ, तर अध्यापकले

बाइबललाई पौराणिक कथाजस्तो मात्र गरेर उपयोग गर्दा त्यो विद्यार्थी छक्क पर्नु स्वभाविकै हो। त्यस प्रोफेसरले त यो पनि औँल्याउन सक्छन् कि बाइबलमा केही असल नीति कथाहरू छन्। तर कथालाई जतातिर बङ्ग्याए पनि बङ्ग्याउन सकिन्छ। ती शिक्षकहरूका निम्ति बाइबल परमेश्वरको प्रेरणाद्वारा लेखिएको हो भन्ने धारणा नै हास्यस्पद हुन्छ।

हो, सिकाउने मानिसले बाइबल त पढ्छन्, तर त्यसमा तिनीहरूले परमेश्वरको आवाजलाई सुन्न सक्दैनन्। कतिपय मानिसहरू बाइबलको सन्देश बुझ्न अप्ठ्यारो छ भनेर त्यसलाई अध्ययन नगरी पन्छाउँछन्। परमेश्वरलाई आफ्नो जीवन नसुम्पिने व्यक्ति र सत्यलाई बुझ्न नचाहने दिमागको निम्ति बाइबलमा भएका सन्देशहरू थाहा पाउन मात्र तिनीहरूले चुकिरहेका हुँदैनन्, तिनीहरूले बाइबलका पानाहरूमा प्रकट गरिएको परमेश्वरको प्रिय र पवित्र चरित्रलाई पनि बुझ्न असमर्थ हुन्छन्। धेरै मानिसहरू यस तथ्यमा सजग नहुन सक्छन्। पवित्र आत्माको गरिमामय उपस्थिति र अगुवाइमा ठिक औजार पाएर र ठिक मनस्थिति लिएर बाइबल पढिएन भने कतिपय समयमा बाइबल पढ्ने हानिकारक पनि भएको पाइन्छ।

**एक जना अभक्ति मानिसले बाइबल पढिरहेको थियो। उसले के गरेको भनेर उसलाई कसैले सोध्यो, उसले जवाफ दियो, "खोइ बहाना पाउन सकिन्छ कि भनेर मात्र पढिरहेको।" परमेश्वरको वचन अध्ययन गर्दा यो मनस्थिति किन *गलत* छ?**

# आफू को हो भनेर मानिसहरूले बुझून् भन्ने परमेश्वरको चाहना हो

विदेशमा हुँदा विदेशको भाषा नजानेकोले वा हाम्रो भाषा नबुझ्नेसँग जरुरी कुरा गर्न वा बुझाउन नसक्दा हामी धेरै निराश हुन सक्छौं। हामीले के भन्न चाहेको हो हामीलाई थाहा छ, तर हामीलाई सुन्नेको भाषा हामीले नजानेकोले कुराकानी गर्न पनि व्यर्थ भएको हामी महसुस गर्छौं।

तर परमेश्वरको त झन् अर्कै समस्या भएको पाउँछौं। उहाँले यो भन्नुहुन्छ, "'किनकि मेरा विचारहरू तिमीहरूका विचार होइनन्, र तिमीहरूका चाल मेरा चाल होइनन्,' परमप्रभु भन्नुहुन्छ। जसरी आकाश पृथ्वीभन्दा अल्गो छ, त्यसरी नै मेरा चाल तिमीहरूका चालभन्दा र मेरा विचार तिमीहरूका विचारभन्दा अल्गा छन्" *(यशैया ५५:८-९)*। हाम्रो भाषा परमेश्वरलाई थाहा नभएको त होइन, तर समस्या त हामीमा छ। उहाँलाई राम्रोसँग बुझ्न हाम्रो बौद्धिक क्षमता छैन, न हामीसँग पर्याप्त शब्दहरू नै छन्।

पढ्नुहोस्: **हाम्रो बुझाइको तुलनामा परमेश्वरको बुझाइ वा हाम्रो बारेमा उहाँलाई थाहा भएको कुरामा कतिको भिन्नता रहेछ भनेर देहायका पदहरूले हामीलाई कसरी देखाउँछन्?**

*भजनसंग्रह १३९:१-६* ______________________________

*भजनसंग्रह १४७:५* ______________________________

*रोमी ११:३३-३४* ______________________________

*१ यूहन्ना ३:२* ______________________________

सत्य के हो भने हामीले परमेश्वरको दिमागलाई पूर्ण रूपमा कहिले पनि बुझ्न सक्दैनौं। उहाँ सर्वज्ञानी र अनन्तको हुनुहुन्छ। सृष्टिको बारेमा हामीलाई मुस्किलले केही मात्र थाहा छ भने सृष्टिकर्ताको बारेमा हामीले राम्रोसँग कसरी

बुझ्न सक्छौं र? हामी सक्दैनौं।

तर एउटा कुरो स्पष्ट छ, हामीले सबै थोक कहिले पनि बुझ्न नसके तापनि हाम्रो मुक्तिको निम्ति जे आवश्यक ज्ञान चाहिन्छ त्यो हामीले बुझ्न सक्छौं *(२ तिमोथी ३:१४, १५)*। जब आफ्ना श्रोताहरूलाई चेलाहरूले सुसमाचारको बारेमा व्याख्या गरे तब तिनीहरूले बारम्बार भविष्यवाणी पूरा भएको औँल्याएका थिए। भविष्यवाणीका लक्ष्यहरूमा एउटा मुख्य लक्ष्य नै मुक्तिको योजनालाई चित्रण गर्नु हो। हो, अन्तमा आएर एक वा अर्को कारणले बाइबलको भविष्यवाणीले हामीलाई येशूतिर औँल्याउनैपर्छ र सारा मानव जगत्को मुक्तिको निम्ति उहाँले गर्नुभएको प्रतिज्ञा प्रकट गर्नैपर्छ।

सारा सृष्टिका प्रभु *(कलस्सी १:१६; यूहन्ना १:१-३)* यस पृथ्वीमा झर्नुभएको थियो। अनि प्रत्येक मानव प्राणीका पापहरूका निम्ति उहाँ आफै क्रूसमा बलि हुनुभएको थियो। मानिस जतिसुकै पतित वा खस्केको किन नहोस् उसको निम्ति नै येशू मर्नुभएको थियो। परमेश्वरले हामीलाई कतिको प्रेम गर्नुहुन्छ भन्ने भाषा नै येशू हुनुहुन्छ। हाम्रो निम्ति उहाँले सक्दो सबै गर्नुभएकोले प्रत्येक मानव प्राणीले येशूमा उहाँले हामीलाई प्रदान गर्नुभएको कुरा थाहा पाओस् भन्ने परमेश्वरको तिव्र चाहना हो। मानिस जतिसुकै घटिया, खराब, अधर्मी र पापी होस् उहाँले सबैलाई मुक्ति दिन चाहनुहुन्छ। त्यस धारणालाई भविष्यवाणीले पुष्टि गर्न सक्दछ।

**कति कुराहरू हामीलाई थाहा नभए तापनि थाहा भएको कुरामा ध्यान दिनु किन जरुरी छ? थाहा नभएका कुराहरूप्रति अल्झिनुभन्दा थाहा पाएको कुरालाई पछ्याउनु किन महत्त्वपूर्ण छ?**

# ए दानिएल, वचनलाई बन्द गर

पढ्नुहोस्: **दानिएल १२:४। यस पदमा प्रभुले दानिएललाई के भन्दैहुनुहुन्थ्यो?** *(यस पद र प्रकाश २२:१०को बिचमा भएको भिन्नता हेर्नुहोस्।)*

---

---

येशूको आगमनभन्दा पहिले प्राविधिक र वैज्ञानिक ज्ञानको उदय हुनेछ भनेर दानिएल १२:४ लाई औँल्याउँदै प्रचारकहरूले प्रचार गरेको असामान्य हुँदैन। लगभग एक शताब्दीदेखि मानिसहरू द्रुत गतिले यात्रा गर्ने प्रगतिपथमा लागेका छन् भनेर यही पदलाई औँल्याएर भविष्यवाणी गरेको छ भनेर प्रचारकहरूले सिकाउँदछन्। धेरै जसो हाम्रा सेभेन्थ-डे एड्भेन्टिस्ट पुस्तकहरूमा पनि यसको उल्लेख गरिएको छ। यो तर्कयुक्त व्याख्या भए तापनि यसको अर्थ अर्को पनि लाग्न सक्छ।

यस अंशलाई फेरि केलाएर हेर्नुहोस्। स्वर्गदूतले दानिएललाई यो आदेश दिएर सिकाउँछन्, "वचनहरू बन्द गर र किताबलाई लाल मोहर लगाऊ।" यो विषयलाई दानिएलकै किताबमा छलफल गरिएको पाइन्छ। युगको अन्तमा अचानक बढ्ने ज्ञानचाहिँ के दानिएलकै किताबको ज्ञान पनि होइन र?

यसले गर्दा दानिएलको पुस्तक प्रकाशको पुस्तकभन्दा केही हदमा फरक देखिन्छ। स्वर्गदूतले नै यूहन्नालाई उनको पुस्तकलाई लाल मोहर *नलगाऊ* भनेका थिए *(प्रकाश २२:१०)*। प्रकाशको पुस्तकको नामैले पहिला यस पुस्तकलाई हामीले बुझ्नुपर्ने हो भनी बताउँछ, किनकि समय नजिकै छ [थियो]। तर त्यसको विपरित दानिएलको पुस्तक कुनै टाढाको भविष्यमा अझ स्पष्ट रूपमा बुझ्नेछ भनेर देखाउन खोजिएको पाइन्छ।

शताब्दीयौँदेखि धेरै असल इसाई बुद्धिजीविहरूले दानिएलको पुस्तकको व्याख्या गर्न प्रयास गरेका थिए र गरि नै रहेका छन्। कतिपयले त त्यसमा राम्रै प्रगति पनि गरेका छन्। १२६० वर्षको भविष्यवाणी सन् १७९८मा समाप्त

भएपछि दानिएको विषयमा ज्ञान तिव्र गतिमा बढ्यो जुन समयमा दानिएलको पुस्तकको व्याख्या गर्ने क्रममा धेरैले यो अनुमान गरेका थिए कि सन् १८४३मा केही न केही विशाल र भव्य घटना हुनेछ। ती व्याख्याकारहरूमा अत्यन्तै उल्लेखनीय व्याख्याकार त विलिय मिलर नै थियो। उनकै सक्रियतामा उन्नाइसौँ शताब्दीमा महान् एड्भेन्ट वा येशूको आगमनको बारेमा अभियान चलाएका थिए। यसैमा आधारित विभिन्न घटनाका श्रृङ्खलाहरूलाई मध्यनजर राख्दै रेमनेन्ट वा अवशेष चर्चको जन्म भयो। यही चर्चले मात्र तिन स्वर्गदूतहरूका सन्देशलाई स्पष्ट रूपमा बुझेका थियो।

येशूको आगमनको बारेमा सुनाउने विश्वव्यापी अभियानले समयको अन्तमा ज्ञान बढ्नेछ भन्ने दानिएलको भविष्यवाणी पूरा भएको देखिएको छ।

त्यसको विपरित, इसाई जगत्मा कसले मुक्ति पाउँछ वा पाउँदैन भनेर हामीले निष्कर्ष ननिकाले तापनि कतिपय इसाई जगत् वा सम्प्रदाय वा डिनोमिनेशनहरूमा अन्धकारले छाइरहेको हामीले देख्दछौं। अदनकै बगैँचामा स्थापना भएको हप्ताको सातौँ दिन शबाथलाई कतिपय इसाई जगत्ले नै बेवास्ता गरिरहेका छन्, लत्याएका छन्। तर त्यसको ठाउँमा मूर्तिपूजा गर्ने रोममा मानिने सूर्यलाई पूजा गर्ने दिन आइतबारलाई इसाईहरूले मानिरहेका छन्। त्यसको साथ बाइबलका अरू धेरै शिक्षाहरूप्रति ती इसाईहरूका दिमागमा अज्ञानताले अड्डा जमाउन पुगेको छ। तिनीहरूमध्ये मानिस मरेपछि के हुन्छ भन्ने शिक्षा पनि एक हो। तिनीहरूले मूर्तिपूजा गर्ने धर्मकै शिक्षालाई अङ्गालेर मानिस मरेपछि उसको हंसले अर्कै अस्तित्वमा जान्छ भनेर सिकाएकोलाई इसाई शिक्षा नै हो भनेर सिकाइरहेका छन्। मानिस मरेपछि कुनै पिशाचको क्षेत्रमा वा स्वर्गमा वा अनन्तको आगो दन्किरहेको नर्कमा पर्नेछन् भनेर भयाभव शिक्षा इसाई जगत्मा इसाई प्रचारक, पास्टर, फादर, पोप र विद्वानहरूले सिकाइरहेका छन्।

त्यसको विपरित हामीले शिक्षा वा सत्य पाएकोमा सेभेन्थ-डे एड्भेन्टिस्ट भएको हैसियतले नम्र भएर आभारित हुनुपर्दछ।

# परमेश्‍वरको वचनको अध्ययन

बाइबलमा उल्लेख गरिएको भविष्यवाणीको धेरै जसो ज्ञानको श्रेय सेभेन्थ-डे एड्भेन्टिस्टहरूले विलियम मिलरलाई दिएका छन्। दानिएल ८:१४का जस्तै केही मुख्य अंशहरूका बुझाइ उनमा सिद्ध वा पूर्ण नभए तापनि उनले अध्ययन गर्ने तरिका महत्त्वपूर्ण र सराहनीय छ, किनकि उनकै तरिका अपनाउँदा युगको अन्तको अवशेष चर्चको जन्म भएको थियो।

पढ्नुहोस्: **मत्ती ५:१७-१८; २ तिमोथी ३:१५-१७ र लूका २४:२७ पढ्नुहोस्। बाइबलको भविष्यवाणी अध्ययन गर्दा हामीले कुन तरिका अपनाउनुपर्छ भनेर यी पदहरूले हामीलाई के सिकाउँदछन्?**

केही हदमा भन्नुपर्दा बाइबल अध्ययन गर्नु भनेको टुक्रा-टुक्रा गरिएको ठुलो चित्र मिलाउनु जस्तो होइन। यदि हामीले केवल दुई वा तिन टुक्रालाई मिलाउँछौं भने पूरा चित्रको आकारलाई बुझ्न असम्भव हुन्छ। ती दुई वा तिन टुक्राहरूमा तपाईंले घोडाको चित्र देख्नुहोला र तपाईंले घोडाहरूका चित्रलाई मिलाउन खोज्नुभएको भनेर निष्कर्ष निकाल्नुहोला। तर अरू केही टुक्राहरू मिलाउँदा कुखुरा र गाइका चित्रहरू देख्नुहोला। जब तपाईंले सयौँ टुक्राहरूलाई मिलाउनुहुन्छ तब तपाईंले प्राकृतिक दृश्यलाई मिलाउन खोज्नुभएको रहेछ भनेर थाहा पाउनुहुनेछ। त्यसमा सहर, गाउँ, खेतबारी, गोठ र टाढा रहेको जङ्गल र पहाडहरूका दृश्यलाई मिलाउन खोज्नुभएको रहेछ।

कतिपय इसाईहरूले आफूले सम्बोधन गरेको विशेष परिस्थितिसँग सुहाउँदो अर्ति वा हितोपदेशहरू हल्का रूपमा जम्मा गरेर बाइबलले यही मुख्य विषयवस्तु भनेको हो भनेर ठम्याउन खोज्छन्। कतिपय मानिसहरूले गिडियोन बाइबलका अगाडिका पानाहरूमा रहेका विषयवस्तु वा पदहरूलाई पढ्छन् र सम्पूर्ण बाइबलले यही मात्र सिकाउन खोजेको हो भनेर अनुमान गर्छन्।

दुर्भाग्यवस, भविष्यवाणी बुझ्ने सन्दर्भमा कतिपयले त्यही तरिका अपनाउँछन्। कुन पदहरू कुन सन्दर्भमा भनेका हुन्, त्यसलाई तिनीहरूले बेवास्ता गरेर वर्तमान घटनाहरूसँग जोडेर पढ्छन् तर पूरै बाइबलले के भन्न खोजेको हो सो बेवास्ता गर्दछन्।

त्यसले गर्दा भविष्यवाणीलाई व्याख्या गर्ने कतिपय पुस्तकहरूका व्याख्याहरू अपडेट वा नविकरण गरिरहनुपर्नेहुन्छ, किनभने तिनीहरूले व्याख्या गरेका भविष्यवाणीहरूका अर्थ गलत भएको थाहा पाउँछन्।

त्यसैकारण, बाइबल अध्ययन गर्दा केवल केही विषयहरूमा मात्र ध्यान दिएर बाइबलले यही भनेको हो भनेर बोध हुनु ठिक मानिँदैन बरु होसियारसँग ती विषयहरूमा सबै थोक बाइबलले के भन्न खोजेको हो सो थाहा पाउनु जरुरी छ र कुन सन्दर्भामा के भनेको हो त्यो पनि थाहा पाउनु जरुरी छ। एउटा कुनै पद लिएर हामीले के बुझ्न चाहेको हो त्यही बाइबलले भन्न खोजेको छ भनेर भन्न सजिलो छ, तर कुन सन्दर्भमा त्यो पद सम्बोधन गरेको हो त्यसलाई हतपत हामीले हेर्दैनौं।

**आफूले सोचेको वा आफ्नो दिमागमा ठम्याएको सिद्धान्त यही हो भनेर कुन सन्दर्भमा भनेको सो नसोची सिकाउने मानिसहरूसँग तपाईंको अनुभव कस्तो छ। उदाहरणमा मानिस मरेपछि के हुन्छ? शबाथको बारेमा केही पदहरू औँल्याएर यही मात्र भनेको हो भनेर तपाईंले किन ठम्याउनुहुन्न? बाइबलको विषयहरूलाई अध्ययन गर्न तपाईंले कुन उत्तम तरिकाहरू अपनाउनुपर्दछ?**

## प्रतीकात्मक वा अक्षरशः अर्थात् वास्तविक

बाइबल भविष्यवाणीका विद्यार्थीहरूले ती भविष्यवाणीहरू पढ्दा एउटा कुरो ख्याल गर्नु जरुरी छ। बाइबलमा भएको भविष्यवाणी अक्षरशः वा वास्तविक हो कि केवल प्रतिकात्मक हो भनेर थाहा पाउनु जरुरी छ। भविष्यवाणीको लेखकले भविष्यवाणी लेख्दा उनले प्रतीकात्मक वा साङ्केतिक भाषा प्रयोग गरेको हो कि होइन भनेर कसरी थाहा पाउने, र त्यसको अर्थ के हो भनेर भविष्यवाणीको पाठकले कसरी बुझ्ने? बाइबलभरि त्यही चित्रण वा प्रतीकलाई कसरी प्रयोग गरिएको छ सो बुझ्न अत्यन्तै महत्त्वपूर्ण छ। वर्तमान साहित्य वा देशको सन्दर्भमा पनि प्रतीकहरू प्रयोग गरिएका छन्, तर ती प्रतीकहरू केवल त्यही साहित्य वा देशमा मात्र सिमित भएको हुन्छ। कतिपयले दानिएल ७मा चित्रण गरेको भालुलाई रुसलाई औँल्याउँछ भनेर बुझेका हुन्छन् किनकि भालु रुसको प्रतिक हो। तब बाइबलको भविष्यवाणीलाई व्याख्या गर्दा यस्तो तरिका अपनाए सुरक्षित, भरपर्दो र उचित हुँदैन।

हेर्नुहोस्: **देहायका पदहरू हेर्नुहोस्। बाइबलको व्याख्या बाइबललाई नै गर्न दिनुहोस्। ती पदहरूमा भविष्यवाणीका प्रतीकहरूको अर्थ एक आपसमा कसरी मिल्दछ?**

*दानिएल ७:७; दानिएल ८:३; दानिएल ७:२४* ____________________

____________________________________________

*प्रकाश १:१६; एफिसी ६:१७; हिब्रू ४:१२* ____________________

____________________________________________

*प्रकाश १२:१; प्रकाश २१:२; एफिसी ५:३०-३२; यर्मिया ६:२* __________

____________________________________________

यदि बाइबलको व्याख्या बाइबललाई नै आफ्नै हिसाबले गर्न दिइयो भने भविष्यवाणीका कतिपय प्रतीक वा सङ्केतहरू त्यसै बिलाएर जानेछन्। उदाहरणमा, सिङ्ग राजनैतिक वा राष्ट्रको प्रतिक हो। तरवार, परमेश्वरको वचनको प्रतिक हो। स्त्री, चर्चको प्रतीक हो। यहाँ बाइबल आफूले आफैलाई व्याख्या गरेको पाइन्छ।

तर परमेश्वरले सरासर सिधा कुरा नगरीकन किन प्रतीकहरू प्रयोग गर्नुभएको छ, त्यसको जवाफ आउनु बाँकि नै छ। उदाहरणमा, पत्रुसले रोम सहरलाई बेबिलोनको रूपमा किन सम्बोधन गरे? १ पत्रुस ५:१३, "बेबिलोनमा भएकी तिमीहरूजस्तै चुनिएकीले, र मेरो छोरो मर्कूसले पनि तिमीहरूलाई अभिवादन पठाएका छन्।"

साङ्केतिक भाषामा भविष्यवाणीको बारेमा बताउन परमेश्वरसँग धेरै कारणहरू होला। तर नयाँ करारको मामिलामा प्रकाशको पुस्तकले रोमलाई खराबहरूको थलो हो भनेर नाम दिएको भए, सतावट पाइरहेको चर्चले झन् सतावट पाइँथ्यो होला। जुनसुकै कारण भए तापनि बाइबलमा प्रयोग गरिएका सङ्केत वा प्रतीकहरूलाई हामीले बुझ्न सकून् भन्ने परमेश्वरको चाहनाप्रति हामी ढुक्क हुन सक्छौं।

**हुन सक्छ कतिपय प्रतिक वा भविष्यवाणीहरू हाम्रो निम्ति रहस्यमय होलान्, तर हामीले बुझेको कुरामा ध्यान दिँदा हाम्रो आस्थालाई कसरी बल पुऱ्याउँछ?**

**थप जानकारी:** एलेन जी. ह्वाइटले लेख्नुभएको, *द ग्रेट कन्ट्रोभर्सीका* पृ. ३१९-२२४को "आन अमेरिकन रिफोर्मर" भन्ने अध्याय पढ्नुहोस्।

"चर्चका अगुवा पास्टरहरू र कतिपय बुद्धिजीवि भनाउँदा ईसाइहरूले दानिएल र प्रकाशका पुस्तकहरू बुझ्न सकिँदैन र ती रहस्यमय छन् भनेर घोषणा गरेका थिए। तर चेलाहरूकै समयको विषयमा हुने दानिएल भविष्यवक्ताका भविष्यवाणीहरूलाई येशूले तिनीहरूलाई औँल्याउनुभएको थियो; उहाँले भन्नुभयो: 'जसले पढ्छ, उसले *बुझून्*।' मत्ती २४:१५। इसाईहरूले नै दाबी गरेको प्रकाशको पुस्तक रहस्यमय छ र बुझ्न सकिँदैन भन्ने पक्का विश्वासलाई प्रकाशको पुस्तककै शीर्षकले प्रतिवाद गर्दछ: 'येशू ख्रीष्टको प्रकाश, जो परमेश्वरले चाँड़ै हुन आउने कुराहरू आफ्ना सेवकहरूलाई देखाउन उहाँलाई दिनुभयो। ... त्यो *धन्य हो*, जसले अगमवाणीका यी वचनहरू उच्च स्वरले *पाठ गर्दछ*, र *धन्य हुन्* तिनीहरू, जसले *सुन्दछन्* र त्यहाँ लेखिएका कुरा *पालन गर्दछन्*, किनकि समय नजिक छ।' प्रकाश १:१-३ [याद गर्नुहोस्, पढ्ने, सुन्ने र पाठ गर्नेलाई मात्र स्याबास दिएको छैन तर पालन गर्नेलाई पनि]। ...

"यूहन्नाकै प्रेरणादायी गवाहीको परिवेशमा इसाई भनाउँदाहरूले नै प्रकाशको पुस्तक मानव समझभन्दा अपारको रहस्य छ भन्ने शिक्षा दिन तिनीहरूको आँट कहाँबाट आयो? रहस्यलाई नै प्रकट गर्न प्रकाशको पुस्तक खुला रूपमा लेखिएको थियो। प्रकाशको पुस्तक अध्ययन गर्दा त्यसले हाम्रो दिमागलाई दानिएलका भविष्यवाणीहरूतर्फ निर्देशित गर्दछ। दुवै पुस्तकहरूले अत्यन्तै महत्त्वपूर्ण निर्देशन प्रकट गर्दछ। यस संसारको इतिहासको अन्त्य कसरी हुनेछ भनेर विभिन्न घटनाहरूमार्फत परमेश्वरले मानिसलाई सन्देश दिनुभएको थियो।

"चर्च वा येशूभक्तको जीवनमा हुने विभिन्न अनुभव र प्रकरणहरूका दृश्यलाई यूहन्नाको सामु अत्यन्तै गहिरो सनसनी र रोमाञ्चित तरिकाले उघारिएको थियो। परमेश्वरका जनहरूका स्थिति, तिनीहरूले समाना गर्नुपर्ने भयानक यातना, द्वन्द्व र अन्तमा तिनीहरूको उद्धारलाई उनले फिलिम हेरेको जस्तै हेर्न पुगेका थिए। उनले लेखेका अन्तिम सन्देशहरूले पृथ्वीका फसलहरू पाकिसकेको भनेर देखाएको थियो। ती फसलहरूलाई कि त स्वर्गका दूतहरूले मुठ्ठा पार्न स्वर्गमा राखिन कि विनासको आगोमा फालिन तयार गरिरहेका थिए। विशेष गरेर अन्तिम चर्चको निम्ति अत्यन्तै वृहत महत्त्वपूर्ण घटनाहरू उनलाई देखाइएको थियो। सत्यलाई बेवास्ता

गरेर गलत विद्यालाई अङ्गाल्ने जनहरू, इसाईहरू नै किन नहून, तिनीहरूले खप्नुपर्ने द्वन्द्व र विनासलाई यूहन्नाको सामु प्रस्तुत गरिएको थियो। यस संसारमा भएका वा हुनेवाला कुनै पनि गतिविधिहरूप्रति कुनै पनि येशूका भक्तजन अन्धकारमा पर्नु आवश्यक छैन।"—द *ग्रेट कन्ट्रोभर्सी*, पृ. ३४१, ३४२।

## छलफलको लागि प्रश्नहरू:

**१. भविष्यवाणीको अध्ययनले तपाईंको विश्वास कतिको बढ्न सक्छ? त्यो विश्वासलाई कुन-कुन तरिकाहरूले बढाउन सकिन्छ? सयौँ वा हजारौँ वर्ष अघि भविष्यवाणी गरेका घटनाहरू सयौँ वा हजारौँ वर्षपछि हुनेछन् वा भइरहेका छन् भन्ने ज्ञानले तपाईंको आस्था बाइबलमा कतिको जबर भइरहेको छ। अझ जुन परमेश्वरले प्रेरणा दिनुभएर ती भविष्यवाणीहरू लेख्न लगाउनुभयो, उहाँप्रति तपाईंको विश्वास कस्तो अटल हुन गएको छ? उदाहरणमा, के दानिएल २ अध्यायले परमेश्वरको अस्तित्वमा भरोसा राख्ने कारण मात्र नदिएर भविष्यको कुरा उहाँलाई थाहा छ भन्ने कुराको बारेमा शक्तिशाली प्रमाण वा ज्ञान हाम्रो सामु खुलासा गर्छ कि गर्दैन?**

**२. कतिपय मै हुँ भन्ने इसाई प्रचारक, विद्वान र पास्टहरूले नै भविष्यवाणीका व्याख्याहरू अनुमानित, काल्पनिक र जथाभावी तरिकाले गरेका छन्। तिनीहरूको भ्रममा नपर्न हामी कसरी सुरक्षित हुने? अझ कतिपय बेला-बेलामा हाम्रै एड्भेन्टिस्ट चर्चमा पनि बाइबलको सत्यतामा बाझिने धारणाहरू जनसमक्ष ल्याएको पाइन्छ। यसमा पावलको नीतिलाई होसियार भएर कसरी अङ्गालिरहने, "सबै कुराको जाँच गर। जुन कुरा असल छ त्यसैमा दृढ़ रहो।"** *(१ थेसलोनिकी ५:२१)*।

## "मलाई त्यो किताब दिनुहोस्"

*लेखक:* लौरी डेनस्की-स्नाइमान

तिम नयाँ मिसिनेरी थियो। ऊ डराएको थियो। दक्षिण एशियाका इसाईहरू नभएको क्षेत्रमा उसले इसाई किताबहरू बेचिरहेको थियो। तर उसलाई केही समस्या आएको चाहेको थिएन।

ऊ बजारमा प्रार्थना गर्दै हिँड्दैथियो, तब ऊ मनमा ढुकढुक गरेर लुगा सिलाउने पसलमा गयो। त्यहाँ चार जना मानिसहरू पर्खिरहेका थिए। उसको निम्ति केही मिनेट त घण्टौँ लागेको जस्तो थियो। तिमले सोचेको भन्दा धेरै समय भएको महसुस गरेकोले पसलबाट बाहिर जान लागेको थियो, तब केहीले उसलाई रोकेको जस्तो भान भयो। त्यो सिलाइ गर्ने महिलाले ऊतिर अनौठो तरिकाले बारम्बार हेरिरहेकी उसले महसुस गऱ्यो। ग्राहकहरूलाई पन्छाएर उसको अनुहार राम्रोसँग हेर्न उनले प्रयास गरेकी थिइन्। जब अन्तिम ग्राहक पसलबाट बाहिरियो, तब तिमको पालो थियो अगाडि जान। उसले केही भन्नुभन्दा अघि त्यस साहुनीले उसको झोलाबाट बाहिर देखिएको किताबलाई औँल्याउँदै ठूलो स्वरले भनिन्, "मलाई त्यही किताब दिनुहोस्, त्यही किताब मलाई चाहिन्छ, मलाई दिनुहोस्!"

"के भन्नुभएको, मसँग बेच्ने किताब छ भनेर तपाईंले कसरी थाहा पाउनुभयो?" अचम्म मान्दै तिमले सोध्यो।

"मैले सपना देखेको थिएँ। सपनामा एक जना युवा तपाईं जस्तै मैले देखेको थिएँ। मैले पढ्न चाहेको किताब उसँग थियो। एउटा पुस्तक द *ग्रेट कन्त्रोभर्सी* थियो। त्यसकारण, मलाई थाहा थियो कि तपाईं आउनुहुनेछ। त्यो किताब मैले किन्नैपरेको थियो। के त्यो किताब तपाईंसँग छ?" उनले बताइन्।

मिसिनेरी भएर डराउने भावना तिममा तुरुन्तै हरायो। किताबहरू उसले उत्सुक मानेर बेच्यो। व्यवस्था ३१:८मा के लेखिएको थियो त्यो उसलाई याद आयो,

# भित्री कथा

"परमप्रभु आफै तिम्रो अगि जानुहुन्छ र तिमीसित हुनुहुनेछ। उहाँले तिमीलाई कहिल्यै छोड्नुहुनेछैन न त त्याग्नुहुनेछ। नडराऊ, निरुत्साह नहोऊ।" परमेश्वर ऊभन्दा अघि जानुभएको उसले थाहा पायो। येशूका बारेमा सुसमाचार र उहाँको आगमनको बारेमा सुनाउन बाटो तयार पार्न उहाँ अघि जानुभएको थियो।